# नेपाल गजेट

## भाग २

**श्री ५ को सरकारद्वारा प्रकाशित**

खण्ड ११] काठमाडौं, भाद्र ६ गते २०१८ साल [अतिरिक्ताङ्क १८

**श्री ५ को सरकार**

### कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०१८ सालको ऐन नं. १७

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शम्शेर जङ्गदेवानाम् सदा समर विजयिनाम्।

आर्थिक वर्ष २०१८।१९ को निमित्त सेवा र कार्यमा संचित कोषबाट केही रकम व्यय गर्न अधिकार दिने र उक्त रकम विनियोजन गर्ने व्यवस्थाको निमित्त बनेको ऐन।



459

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रस्तावनाः– आर्थिक वर्ष २०१८।१९ को निमित्तको सेवा र कार्यमा संचित कोषबाट केही रकम व्यय गर्ने अधिकार दिन र उक्त रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नामः यो ऐनको नाम "विनियोजन ऐन, २०१८" रहेको छ ।

२. आर्थिक वर्ष २०१८।१९ मा संचित कोषबाट नेपाली रुपैयां व्यय गर्नसक्नेः अनुसूची १ को कालम २ र अनुसूची २ को कालम २ मा निर्दिष्ट गरिएको शीर्षकहरूमा आर्थिक वर्ष २०१८।१९ मा व्यय गरिंदाको सिलसिलामा व्ययमा रहन आउने विभिन्न कुराको भुक्तानी गर्दा क्रमशः अनुसूची १ को कालम ३ र अनुसूची २ को कालम ३ मा निर्दिष्ट गरिए बमोजिम जम्मा नेपाली रुपैयां २२,१०,८१,०००।– बाइस करोड दश लाख एकासी हजार मा नबढाई त्यतिसम्म संचित कोषबाट व्यय गर्न तथा भुक्तानीमा लगाउन सकिनेछ ।

३. विनियोजनः यो ऐनद्वारा संचित कोषबाट व्यय गर्न तथा भुक्तानीमा लगाउन सकिने अधिकार दिइएका रकम आर्थिक वर्ष २०१८।१९ का लागि अनुसूची १ र अनुसूची २ मा निर्दिष्ट गरिएका शीर्षकहरूको निमित्त विनियोजन गरिएको छ ।

तर शीर्षकहरूको निमित्त विनियोजन गरिएको रकम कुनैमा बचत हुने र कुनैमा अपर्याप्त हुने देखिन आयो भने श्री ५ को सरकारले नेपाली रुपैयां २,००,०००।– दुइ लाख सम्म एक शीर्षकबाट अर्को शीर्षकमा सार्न सक्नेछ ।

४. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५(४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेको काम कुराहरूमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० लागू हुनेछ ।

४८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची–१

(दफा २ र दफा ३ सम्बन्धित)

| १ | २ | ३ | | |
|---|---|---|---|---|
| | | हद रकम | | |
| शीर्षक संख्या | शीर्षक | हद रकम संचित कोषप्रति व्ययभार हुने ने.रु. हजारमा | हद रकम श्री ५ महाराजाधिराजको स्वीकृतिले संचित कोषबाट व्यय हुने ने.रु. हजारमा | जम्मा ने.रु. हजारमा |
| १ | श्री ५ महाराजाधिराज तथा | | | ५७,४० |
| | राजपरिवार | ५७,४० | | ४४ |
| २ | राष्ट्रिय परिषद् | ४४ | २८,९५ | ३३,२२ |
| ३ | न्याय | ४,२७ | | ३,६९ |
| ४ | महालेखा | ३,६९ | | १२ |
| ५ | निर्वाचन आयोग | १२ | | १,४४ |
| ६ | लोक सेवा आयोग | १,४४ | ३३,८० | ३३,८० |
| ७ | श्री ५ को सरकारको सचिवालय | | ७,६३ | ७,६३ |
| ८ | मन्त्रिपरिषद् | | ५,६२ | ५,६२ |
| ९ | एकाउण्टिङ्ग अफिस | | १५,८० | १५,८० |
| १० | भन्सार | | ५० | ५० |
| ११ | अन्तःशुल्क | | २,३७ | २,३७ |
| १२ | कर व्यवस्था | | ४५,७९ | ४५,७९ |
| १३ | मालपोत | | ७२ | ७२ |
| १४ | सर्भे | | ६९ | ६९ |
| १५ | भूमि सुधार | | १,१४ | १,१४ |
| १६ | तथ्यांक | | ६,७५ | ६,७५ |
| १७ | टक्सार | | ६२ | ६२ |
| १८ | सञ्चय कोष | | ५०,२५ | ५०,२५ |
| १९ | शिक्षा | | | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ८५ । | ८५ |
| २० । म्यूजियम | | १,५० । | १,५० |
| २१ । पुरातत्व | | १,८२ । | १,८२ |
| २२ । चिडियाखाना | | २४,३४ । | २४,३४ |
| २३ । स्वास्थ्य | | ८,९८ । | ८,९८ |
| २४ । बिजुली | | ८,४३ । | ८,४३ |
| २५ । नहर खानेपानी | | ११,२६ । | ११,२६ |
| २६ । खाद्य | | ५,२४ । | ५,२४ |
| २७ । कृषि | | ४०,९७ । | ४०,९७ |
| २८ । वन | | १८ । | १८ |
| २९ । सहकारी | | ८० । | ८० |
| ३० । खानी | | ३,७९ । | ३,७९ |
| ३१ । वाणिज्य | | १६,८९ । | १६,८९ |
| ३२ । उद्योग | | २६ । | २६ |
| ३३ । ग्राम विकास | | १७ । | १७ |
| ३४ । राप्ती | | २५,४४ । | २५,४४ |
| ३५ । यातायात | | २३,८४ । | २३,८४ |
| ३६ । हुलाक | | ८,३७ । | ८,३७ |
| ३७ । टेलिकम्युनिकेशन | | १६,३१ । | १६,३१ |
| ३८ । प.व. रोड्स् | | १८,१३ । | १८,१३ |
| ३९ । प.व. बिल्डिङ्स् | | ६,६८ । | ६,६८ |
| ४० । प्रचार | | २,७३ । | २,७३ |
| ४१ । रेडियो | | २९,३८ । | २९,३८ |
| ४२ । जिल्ला प्रशासन | | १,०६,५८ । | १,०६,५८ |
| ४३ । पुलिस | | १६,२२ । | १६,२२ |
| ४४ । जेल | | ४६,३४ । | ४६,३४ |
| ४५ । वैदेशिक कूटनैतिक | | १,७५,१६ । | १,७५,१६ |
| ४६ । रक्षा | | १०,५८ । | १०,५८ |
| ४७ । स्वायत्तशासन | | ३,८६ । | ३,८६ |
| ४८ । एटर्नी जनरल (सरकारी वकील) | | २२,०० । | २२,०० |
| ४९ । पेन्सन भत्ता | | १५,७५ । | १५,७५ |
| ५० । मुम्रा रजा | | | |

५८४

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५१ | पुनः मतदान मांग्ने | | १५,०० | १५,०० |
| ५२ | विविध | ६०,२९ | १,२७,७१ | १,८८,०० |
| ५३ | आकस्मिक कोष सोधभर्ना | | २१,०० | २१,०० |
| | | १,२७,६५ | १०,२६,१९ | ११,५३,८४ |

## अनुसूची–२

(दफा २ र दफा ३ सम्बन्धी)

| १ | २ | ३ | |
|---|---|---|---|
| शीर्षक संख्या | शीर्षक | हद रकम | |
| | | हद रकम श्री ५ महाराजाधिराजको स्वीकृतिले संचित कोषबाट व्यय हुने ने. रु. हजारमा | जम्मा ने.रु. हजारमा |
| १ | ग्राम विकास | ८७३० | ८७३० |
| २ | कृषि | ५५५९ | ५५५९ |
| ३ | सर्भे | २४४९ | २४४९ |
| ४ | सहकारी | १९४८ | १९४८ |
| ५ | नहर खानेपानी | ७५६६ | ७५६६ |
| ६ | वन | २२५२ | २२५२ |
| ७ | सडक | १३९७४ | १३९७४ |
| ८ | रोप्वे | १७१५ | १७१५ |
| ९ | रेल्वे | ११०० | ११०० |
| १० | हवाइ | ७६७५ | ७६७५ |
| ११ | हुलाक | ३७२ | ३७२ |
| १२ | टेलिकम्यूनिकेशन | १०६० | १०६० |
| १३ | बिजुली | ११३०४ | ११३०४ |
| १४ | उद्योग | ५६७१ | ५६७१ |
| १५ | खानी | ८४४ | ८४४ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १६ | टुरिजम | ५३५ | ५३५ |
| १७ | राप्ती | १०४७ | १०४७ |
| १८ | निर्माण | ४२७३ | ४२७३ |
| १९ | स्वास्थ्य | ६०७१ | ६०७१ |
| २० | शिक्षा | ११६०३ | ११६०३ |
| २१ | स्थानीय विकास | २१०० | २१०० |
| २२ | इञ्जिनियरिंग स्कूल | २२१ | २२१ |
| २३ | तथ्यांक | २५०० | २५०० |
| २४ | प्रचार प्रसार | १४४२ | १४४२ |
| २५ | पञ्चायत | ११२५ | ११२५ |
| २६ | विविध | २५६१ | २५६१ |
| | | १०५६९७ | १०५६९७ |

लालमोहर सदर मितिः २०१८।५।५।२ मा

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह–सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय ।

श्री ५ को सरकार

## कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वि राजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्री पद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड-मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

मुद्रण विभाग, सिंहदरबार

४८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सार्वजनिक सुरक्षा कायम राख्ने व्यवस्था गर्नको निमित्त बनेको ऐन

नेपाल अधिराज्यको सुरक्षा, नेपाल अधिराज्यभित्रको शान्ति र व्यवस्था, नेपाल अधिराज्य र अन्य राष्ट्रको सुसम्बन्ध र नेपाल अधिराज्यको विभिन्न वर्ग वा जाति वा क्षेत्रका जनताको सुसम्बन्ध कायम राख्न निवारक नजरबन्दी र अन्य कुरासमेतको व्यवस्था गर्न वाञ्छनीय भएकोले श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "सार्वजनिक सुरक्षा ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "नजरबन्दको आदेश" भन्नाले दफा ३(२) (क) बमोजिमको आदेश सम्झनु पर्छ ।

(ख) "अधिकार प्राप्त अधिकारी" भन्नाले दफा १२ अन्तर्गत श्री ५ को सरकारबाट अधिकार पाएको अधिकारी सम्झनु पर्छ ।

३. आदेश निकाल्ने अधिकारः (१) श्री ५ को सरकारले कुनै व्यक्तिका सम्बन्धमा उसलाई देहाएको कुनै कुरामा कुनै तरहले विरोध पर्नजाने कुनै कामबाट रोक्न जरूरी सम्झेमा उपदफा (२) बमोजिमको कुनै आदेश निकाल्न सक्नेछ ।

(क) नेपाल अधिराज्यको सुरक्षा,

(ख) नेपाल अधिराज्यभित्रको शान्ति र व्यवस्था,

(ग) नेपाल अधिराज्य र अन्य राष्ट्रको सुसम्बन्ध, वा

(घ) नेपाल अधिराज्यको विभिन्न वर्ग वा क्षेत्रका जनताको सुसंबन्ध ।

(२) उपदफा (१) बमोजिम देहायको कुनै आदेश हुन सक्दछ –

(क) त्यस्ता व्यक्तिलाई नजरबन्द राख्नु भनी,

(ख) निजलाई आदेशबाट तोकेको नेपाल अधिराज्यको कुनै ठाउंमा सो आदेशले वा त्यसैमा लेखिएका अधिकारीले अनुमति दिएमा बाहेक नबस्नु भनी, वा

(ग) निजलाई आदेशमा तोकेको नेपाल अधिराज्यको कुनै ठाउंमा बस्नु भनी र निज सो ठाउंमा नभए आदेशमा तोकेको समयभित्र सो ठाउंमा गई बस्नु भनी ।

४८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. स्थान हदको आदेश सम्बन्धी कार्यविधि र अवधिः (१) दफा ३(२) को खण्ड (ख) वा (ग) बमोजिमको आदेश निकाल्दा जसको सम्बन्धमा सो आदेश निकालिएको हो, त्यस व्यक्तिलाई आदेशमा तोकिएको प्रतिबन्ध वा शर्त मुताबिक काम गर्दछु भनी जमानतसाथ वा बिना जमानत कबूलियत गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कसैले कबूलियत नगरेमा वा जमानत नदिएमा वा दफा ३(२) को खण्ड (ख) वा (ग) बमोजिमको आदेश बर्खिलाप गरेमा निजलाई श्री ५ को सरकार वा अधिकार प्राप्त अधिकारीको आदेशले एक वर्षसम्म कैद वा एक हजार रुपैयांसम्म जरीवाना वा दुबै सजाय हुनसक्नेछ।

(३) दफा ३(२) को खण्ड (ख) वा (ग) बमोजिमको आदेश अगावै हेरफेर वा खारेज गरिएमा बाहेक सो आदेश निकालिएको मितिले बढीमा ६ महीनासम्म लागू रहनेछ।

५. नजरबन्दको आदेश लागू रहने अवधिः (१) श्री ५ को सरकारले निकालेको कुनै नजरबन्दको आदेश, अगावै खारेज नगरिएमा, नजरबन्द राखिएको मितिले डेढ वर्षसम्म लागू रहनेछ।

(२) अधिकार प्राप्त अधिकारीले निकालेको कुनै नजरबन्दको आदेश, अगावै खारेज नगरिएमा, नजरबन्द राखिएको मितिले ६ महीनासम्म लागू रहनेछ।

तर त्यस्तो आदेश सो ६ महिनाको अवधिभित्र श्री ५ को सरकारबाट अनुमोदन भएमा नजरबन्द राखिएको मितिले डेढ वर्षसम्म लागू रहनेछ।

६. सल्लाहकार समितिः (१) नजरबन्दको आदेश अन्तर्गत नजरबन्द रहेको कुनै व्यक्तिलाई डेढ वर्षदेखि बढी अवधिको लागि नजरबन्द राख्न श्री ५ को सरकारले आवश्यक देखेमा नजरबन्द राखेको मितिले डेढ वर्ष भुक्तान नहुँदै श्री ५ को सरकारले उपदफा (२) बमोजिमको सल्लाहकार समिति गठन गर्नसक्नेछ।

(२) सल्लाहकार समितिमा श्री ५ को सरकारबाट मनोनीत बढीमा तीन जनासम्म सदस्य रहन सक्नेछन् र तीनजना सदस्य रहेमा श्री ५ को सरकारले तोकेको सदस्य समितिको अध्यक्ष हुनेछ।

७. सल्लाहकार समितिले रिपोर्ट पेश गर्नेः दफा ६ बमोजिम सल्लाहकार समिति गठन भएकोमा श्री ५ को सरकारले नजरबन्दको आदेशको आधारको रिपोर्ट सो आदेशबाट मर्का पर्ने व्यक्तिले निवेदन लेखी पेश गरेको भए सोसमेत सल्लाहकार समितिमा पठाउनेछ र सल्लाहकार समितिले आफूछेउ दाखिल भएका कुराहरू र आवश्यक देखेमा अरू खबरसमेत मागी आफ्नो रिपोर्ट श्री ५ को सरकारमा पेश गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. नजरबन्द राख्नसकिने समयको हदः सल्लाहकार समिति गठन गरिएकोमा सो समितिको राय लिई र त्यस्तो समिति गठन नभएकोमा समेत कुनै व्यक्तिलाई नजरबन्द राख्न-सकिने समयको उपल्लो हद नजरबन्द राखिएको मितिले तीन वर्ष हुनेछ ।

९. आदेश हेरफेर गर्ने वा खारेज गर्नेः (१) श्री ५ को सरकारले आफूले वा अधिकार प्राप्त अधिकारीले यस ऐन अन्तर्गत निकालेको कुनै आदेशलाई, र

(२) अधिकार प्राप्त अधिकारीले आफूले यस ऐन अन्तर्गत निकालेको कुनै आदेशलाई हेरफेर वा खारेज गर्नसक्नेछ ।

१०. यो ऐन अन्तर्गत गरिएको काम कारवाइको बचाउः यो ऐन अन्तर्गत असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारवाइको निमित्त कुनै व्यक्ति उपर कुनै नालेश, उजूर वा कानूनी कारवाइ चलाउन सकिने छैन ।

११. अदालतमा प्रश्न उठाउन नसकिनेः यो ऐन अन्तर्गत निकालिएको कुनै आदेश उपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन ।

१२. अधिकार प्रदानः श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी दफा ३ बमोजिमको कुनै वा सबै अधिकार सोही सूचनामा तोकेको अफिसरले पनि आफ्नो इलाकाभित्र प्रयोग गर्न पाउने गरी प्रदान गर्न सक्तछ ।

१३. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१४. खारेजीः नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७ र सार्वजनिक सुरक्षा नियम, २०१२ खारेज गरिएको छ ।

तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै नेपाल सार्वजनिक सुरक्षा ऐन, २००७ र सार्वजनिक सुरक्षा नियम, २०१२ अन्तर्गत निकालिएको आदेशका सम्बन्धमा सोही ऐन र नियम बमोजिम हुनेछ ।

१५. बचाउः नेपाल अधिराज्यको संविधानको धारा ५५ (४) अनुसार यो ऐन निष्क्रिय भएमा यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरे सरह मानी यो ऐन अन्तर्गत भए गरेका काम कुरामा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

लालमोहर सदर मितिः २०१८।५।८।५ मा

आज्ञाले–
उदयप्रसाद उपाध्याय
श्री ५ को सरकारको सह–सचिव,
कानून, न्याय तथा संसदीय प्रबन्धमन्त्रालय ।

४८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१८ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ओम् रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रवल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समर विजयिनाम् ।

### जग्गा प्राप्ति सम्बन्धी नेपाल कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको ऐन

जग्गा लिने सम्बन्धमा भइरहेको नेपाल कानूनमा संशोधन तथा एकीकरण गर्न र सार्वजनिक हित हुने जुनसुकै कामको निमित्त चाहिने जग्गा मनासिब माफिकको क्षतिपूर्तिमा दिलाई दिने अधिकारको र तत्सम्बन्धी अरू व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधानको धारा ५५ अनुसार यो ऐन बनाइबक्सेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "जग्गा प्राप्ति ऐन, २०१८" रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगबाट अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले भइरहेको घर इमारत रूख इत्यादि र सो भए रहेकासंग स्थायी रूपले जोडिएका कुराहरू र त्यसबाट हुने लाभ समेत सम्झनु पर्छ ।

(ख) "सरोकारवाला व्यक्ति" भन्नाले यस ऐन अन्तर्गत जग्गा लिए वापत दिइने क्षतिपूर्तिमा हक पुग्ने सबै व्यक्ति सम्झनु पर्छ ।

(ग) "सार्वजनिक काम" भन्नाले सर्वसाधारण जनताको हित, लाभ वा उपयोगका लागि वा सरकारी स्तरमा सरकार तर्फबाट हुने जुनसुकै काम सम्झनु पर्छ ।

४५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "कर्पोरेशन" भन्नाले नेपाल कानून बमोजिम स्थापित वा रजिष्ट्री भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले कम्तीमा १०० जना मजदूर कालिगढहरूलाई काममा लगाई राख्ने औद्योगिक कोठी समेतलाई जनाउंछ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २

### जग्गा लिंदाको

३. सार्वजनिक काम वा करपोरेशनको लागि जग्गा प्राप्त गर्न सकिने: देहायमा लेखिएको कुनै कामको लागि आवश्यक भए श्री ५ को सरकारले यस ऐनको यस पछिका दफाहरूमा लेखिएका कुराहरूको अधीनमा रही जुनसुकै ठाउंको जुनसुकै जग्गा प्राप्त गर्न वा गराई दिन सक्नेछ ।

(क) जुनसुकै सार्वजनिक काम, वा

(ख) करपोरेशनले आफ्ना कर्मचारी, मजदूर, कालिगढहरू बस्ने, घर बनाउने वा निजहरूको सुख सुबिधाको अरू बन्दोबस्त गर्ने वा सर्वसाधारण जनताको हित हुने कुनै बनाउने काम,

तर कुनै करपोरेशनलाई खण्ड (ख) मा लेखिएको कुनै कामका लागि कुनै जग्गा प्राप्त गर्न आवश्यक भएमा श्री ५ को सरकार छेउ जग्गा धनी, जग्गाको चारकिल्ला सो जग्गामा लागेको पोत वा करको अंक इत्यादि सबै खोली दरखास्त दिनुपर्छ, त्यस्तो दरखास्त नपरेसम्म दफा ३ को खण्ड (ख) मा लेखिएको कामका लागि यस ऐन बमोजिम जग्गा प्राप्त गर्न कारवाइ चलाइने छैन ।

४. प्रारम्भिक तहकीकातको सूचना र त्यसपछि हुने काम: (१) दफा ३ को खण्ड (क) मा लेखिएको कामको लागि कुनै ठाउंको कुनै जग्गा चाहिए वा चाहिने सम्भव भएमा वा कुनै जग्गा प्राप्त गर्न दफा ३ को प्रतिबन्धात्मक प्रकरण बमोजिम कुनै करपोरेशनको दरखास्त परेमा श्री ५ को सरकारले प्रारम्भिक कारबाइ गरी रिपोर्ट पेश गर्नको निमित्त अफिसर नियुक्त गर्नसक्नेछ ।

तर–

(क) करपोरेशनको दरखास्तबाट चलेको कारवाईमा सो करपोरेशनको कुनै अफिसरलाई यस दफा बमोजिम प्रारम्भिक तहकीकात गरी रिपोर्ट पेश गर्न आदेश हवस् भनी करपोरेशनले निवेदन

४३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेमा सो कुरा मनासिब देखिए श्री ५ को सरकारले माथि लेखिए बमोजिम अफिसर नियुक्त गर्नको सट्टा करपोरेशनले अनुरोध गरे बमोजिमको अफिसरलाई यस दफा बमोजिम प्रारम्भिक तहकीकात गर्ने अनुमति दिनसक्नेछ ।

(ख) करपोरेशनको दरखास्तबाट चलेको कारवाईमा प्रारम्भिक कारवाइ गर्न श्री ५ को सरकारबाट अफिसर नियुक्त गरिएकोमा सो कारवाई गर्न र अरू प्रासंगिक व्यवहारको निमित्त लागेको खर्च करपोरेशनबाट श्री ५ को सरकारले असूल उपर गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको वा अख्तियार पाएको अफिसरले जग्गा चाहिए वा चाहिने संभव भएको कुराको उल्लेख गरी सो जग्गामा सबैले देख्ने ठाउंमा टांस पूर्जी गर्नुपर्छ र त्यस्तो टांस पूर्जी गरेको १० दिनपछि त्यस्तो अफिसर वा निज मातहतका कर्मचारी वा कालिगढहरूले देहाय बमोजिमको काम कारवाइ गर्न हुन्छ ।

(क) सो ठाउंको जग्गामा जाने, त्यहांको सर्भे गर्ने र लेभेल छुट्याउने,

(ख) खन्ने र बोरिङ्ग गर्ने ।

(ग) जुन सार्वजनिक कामका लागि जग्गा चाहिएको हो त्यसका लागि सो जग्गा उपयुक्त छ छैन भन्ने कुरा यकीन गर्नलाई जे जो गर्नुपर्छ गर्ने ।

(घ) लिने भएको जग्गा नाप जांच गरी छुट्याई सांध किल्ला खडा गर्ने र त्यहां कुनै बनाउने काम हुनेभए त्यसको रूपरेखा खडा गर्ने ।

(ङ) लेभेल छुट्याउने र सांध किल्ला खडा गर्नलाई खादखोदने वा अरू निशाना लगाउने ।

(च) सो सर्भे गर्दा, लेभेल छुट्याउंदा, सांध किल्ला खडा गर्दा खन्दा वा बोरिङ्ग गर्दा त्यहां भएको खडा बाली वा बार वा रूख बिरुवा काट्नु, भत्काउनु वा हटाउनु परेमा सो गर्ने ।

तर कसैको घर र त्यससंग जोडिएको बार परखालले घेरेको भित्री आंगन र बारी बगैंचामा पस्नु परेमा निजले मञ्जूर नगरे निजलाई सो कुराको लिखित जनाउ १० दिन अगावै दिई मात्र पस्न हुन्छ ।

५. नोक्सानी बिगो दिनेबारे: दफा ४ बमोजिम नियुक्त भएको वा अख्तियार पाएको अफिसर वा निज मातहतका कर्मचारी कालिगढहरूले जग्गामा प्रवेश गरी माथि लेखिए बमोजिम गर्दा नोक्सानी भएमा सरजमीन बुझी सो वापत मनासिब माफिकको बिगो सरकारी कामको निमित्त जग्गा लिइने भएकोमा सरकारी तहबिलबाट र करपोरेशनको

६५२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कामको निमित्त जग्गा लिइने भएकोमा करपोरेशनको कोष वा अरू कुनै जायज्यथाबाट दिइनेछ सो नोक्सानी बिगो अंक थोरै छ भनी लिन मञ्जूर नगरेमा उक्त अफिसरले तोकिएको अधिकारी छेउ जाहेर गरी निकासा भए बमोजिम दिनपर्छ। त्यस उपर उजूर लाग्न सक्तैन ।

६. सरोकारवाला व्यक्तिले उजूर गर्न पाउने: (१) दफा ४ को उपदफा (२) अन्तर्गत कुनै जग्गा सार्वजनिक कामका लागि वा कुनै करपोरेशनका लागि चाहिएको छ वा चाहिने सम्भव छ भनी टांस पूर्जी भएकोमा जग्गाको सरोकारवाला व्यक्तिले सो टांस भएका ३० दिनभित्र उक्त जग्गा लिइने कुरामा उजूर गर्न पाउंछ ।

(२) उपदफा (१) अन्तर्गत गरिने उजूरी तोकिएको अधिकारी छेउ लिखित रूपमा गर्नुपर्छ। सो अधिकारीले पनि उजूरवालाको कुरा बुझी र अरू जे जो जांचबूझ गर्नुपर्ने सो समेत गरी आफ्नो राय सहितको रिपोर्ट सरकार छेउ जाहेर गर्नुपर्छ। त्यसमा सरकारबाट भएको निर्णय त्यस्तो उजूरीको हकमा अन्तिम हुनेछ ।

(३) तोकिएको अधिकारीले श्री ५ को सरकारले तोकिदिएको ठाउंमा गई जांचबूझको कारवाइ गर्नुपर्छ र सो गर्दा निजलाई साक्षी सरजमीन बुझ्ने र लिखत कागजपत्र दाखिल गराउने बारे प्रचलित नेपाल कानून बमोजिम देवानी अदालतले पाए सरहको सबै अधिकार प्राप्त हुनेछ ।

७. जग्गा लिने ठहर भएमा सूचना जारी गर्ने: (१) दफा ४ र ६ बमोजिम तहकीकात वा जांचबूझ भै पेश भएको रिपोर्ट उपर विचार गरी श्री ५ को सरकारले जग्गा प्राप्त गर्न वा गराई दिनुपर्ने ठहराएमा जग्गाको धनीले जग्गाको मोल र जग्गा लिंदाको अरू नोक्सानी वापत् यस ऐन बमोजिम क्षतिपूर्ति पाउने कुरा खुलाई जग्गा प्राप्त गर्ने कुराको सूचना नेपाल गजेटमा प्रकाशित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल गजेटमा प्रकाशित हुने सूचनामा सो जग्गा कुन जिल्ला, प्रगन्ना, मौजा वा इलाकामा र कुन कुन जग्गा चारकिल्लाभित्र पर्छ, कुन कामका लागि चाहिएको हो कति मालपोत वा कर लागेको हो र के कति बिगहा रोपनी छ इत्यादि सबै आवश्यक विवरण खुलाउनु पर्छ।

(३) यस दफा बमोजिम सूचना प्रकाशित भएपछि जग्गा दफा ३ मा लेखिएको कामका लागि चाहिएको छ भन्ने पक्का प्रमाण हुनेछ र श्री ५ को सरकारले तल दफा दफामा लेखिएको रीत पुरचाई सो जग्गा प्राप्त गर्नसक्नेछ ।

४६२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।